२१. बिदेशि विनिमय:—

२३. बैंक पथाउई प्रस्ताहना:—

२५ अरु कारबाई:—

आज्ञाले —

नीरराज,

सेक्रेटरी — अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

सरकारतर्फबाट खरीद भएका सेयर, डिबेन्चर, प्रमिसरी नोट सदर मुलुकी-खानामा रही सो मुलुकीखानाबाट काम भई आएकोमा राष्ट्र बैंक खुलेका मितिदेखि सो सेयर, डिबेन्चर, प्रमिसरी नोटको सरकारको एजेन्ट भई गर्नुपर्ने काम कारबाई नेपाल राष्ट्र बैंकले गर्ने सरकारबाट निर्णय भई आएकोले यो सूचना जारी गरिएको छ।

आज्ञाले—

नीरराज,

सेक्रेटरी — अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

१. नेपाल राष्ट्र बैंक खडा हुने भएको हुनाले सरकारको २०१३।१।३।४ को निर्णयअनुसार ऐन बमोजिम अड्डाहरू र गैर सरकारी संस्थालगायत सबैले सरकारी रकम सदर मुलुकीखाना दाखिल गरी आएकोमा बैंक खडा भएको मितिदेखि उप्रान्त मुलुकीखाना दाखिल गर्नेको सट्टा नेपाल राष्ट्र बैंकमा दाखिल गर्ने गर्नु र बही बुझ्ने अड्डाहरूले पनि सो बमोजिम दाखिला भएको रसिद भिडाई मिन्हा मोजरा दिने गर्नु, गराउनु।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ रकम रकमका आमदानी उक्त निर्णय बमोजिम नेपाल राष्ट्र बैंकमा दाखिल गर्न पठाउँदा रकम रकमका छुट्टा छुट्टै चलानी गरी तीन प्रति चलानी भरी पठाउने र बैंकले तीनै प्रतिमा सम्बन्धित अफिसरको सहि र छाप लगाई १ प्रति आफ्नो हिसाबको निमित्त आफू कहाँ राखी दुइ प्रति दाखिल गर्न ल्याउनेलाई फिर्ता दिनेछ। सो २ प्रति मध्ये १ प्रति बरबुझाउने कामको लागि आफू कहाँ राखी र १ प्रति अर्थ मन्त्रालयमा सकभर बैंकमा दाखिल गरेको दिनमा र सो हुन नसकेमा भोलीपल्ट पठाउने गर्नु। तर सर्व रकमको आमदानी बैंकमा दाखिल गर्न पठाउँदा चलानीको खालि ठाउँमा यस किसिमबाट यो यस्तो कामको आम्दानी भई सर्व रकममा जम्मा गर्न पठाएको भनी (आवार्जैको चलन भएकोले आवार्जैबमोजिम र नहुनेहरूले यथासम्भव) कच्चा खोजी पठाउने गर्नु गराउनु।

३ सो चलानी फाराम मोहर र मा. रू. को फाक फाक गरी छपाई बैंकमा रहनेछ र चलान गर्नाको निमित्त चाहिने फाराम बैंकबाट झिकाई लिई राख्ने गर्नु गराउनु।

आज्ञाले—
वीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा.



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।